# मालारानी गाउँपालिकाको विनियोजन विधेयक, २०८१

**सभामा पेश मितिः २०८१।०३।१०**

मालारानी गाउँपालिकाको आर्थिक वर्ष २०८१/२०८२ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट रकमखर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक।

**प्रस्तावना:**मालारानी गाउपालिकाको आर्थिक वर्ष २०८१।२०८२ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले,
नेपालको संविधानको धारा २२९ को उप-धारा (२) बमोजिम मालारानी गाउँ सभाबाट योविधेयक पारितगरेको छ।

**१.संक्षिप्त नाम र प्रारम्भः**(१)यस विधेयकको नाम "मालारानी गाउँपालिकाको विनियोजनविधेयक, २०८१"रहेको छ ।
(२) यो विधेयक सभाबाट पारित भएपश्चात प्रारम्भ हुनेछ ।

**२.आर्थिक वर्ष २०८१।०८२ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकारः** (१)आर्थिक वर्ष २०८१।०८२ को निमित्त गाउँकार्यपालिका , वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची -१ मा उल्लिखित चालू खर्च, पूँजीगत खर्च र वित्तीय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु. ६१,१४,९५,००० (अक्षेरुपीएकसट्ठीकरोड चौदह लाख पन्चानब्बेहजारमात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिने छ ।

**३. विनियोजनः** (१) यस विधेयकद्धारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष२०८१।०८२ को निमित्त मालारानीगाउँपालिको गाउँ कार्यपालिका , वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिने छ।

(२)उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि कार्यपालिका , वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा गाउँकार्यपालिकाले बचत हुने शिर्षकबाट नपुग हुने शिर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शिर्षकबाट सो शिर्षकको जम्मा रकमको १० प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शिर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शिर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ। पूँजीगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शिर्षकमा बाहेक अन्य चालू खर्च शिर्षक तर्फ सार्न र वित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्च तर्फ विनियोजित रकम ब्याज भुक्तानी खर्च शिर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन।तर चालु तथा पूँजीगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिने छ।

(३)उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि एक शिर्षकबाट सो शिर्षकको जम्मा स्वीकृत रकमको १० प्रतिशतभन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शिर्षकहरुमा रकम सार्न परेमा गाउँ सभाको स्वीकृति लिनु पर्नेछ ।

४. **नियम, निर्देशिका, कार्यविधि, मापदण्ड निर्माण तथा लागू गर्न सक्नेः**यस विधेयक बमोजिम योजना तथा कार्यक्रमको सहजता, सरलता, पारदर्शीता एकरुपताको लागि आवश्यकता अनुसार गाउँकार्यपालिकाले नियम, निर्देशिका, कार्यविधि, मापदण्ड वनाई लागू गर्न सक्ने छ ।

Scanned with CamScanner

अनुसूची-१

(दफा २ संग सम्बन्धित)

नेपालको संविधानको धारा २२९ (२) बमोजिम

सञ्चित कोषबाट विनीयोजन हुने रकम

| क.सं. | अनुदान संख्या | शिर्षकको नाम | चालु खर्च | पूँजीगत खर्च | शसर्त | समपुरक | विशेष | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ |
| १ | | गाउँ कार्यपालिका | १२०००४००० | ११२५०२००० | ३४४४८९००० | २२०००००० | १२५००००० | ६११४९५००० |
| २ | | वडा समिति | | | | | | |
| ३ | | विपयगत शाखा | | | | | | |
| ४ | | ऋणको साँवा व्याज भुक्तानी | | | | | | |
| ५ | | लगानी (शेयर। ऋण) | | | | | | |

Scanned with CamScanner

आदरणीय सभा सदस्य ज्यूहरुयस गरिमामय सभामा आर्थिक वर्ष २०८१।८२को लागि आय र व्ययको विवरण सार्वजनिक गर्दछु।

| क.सं. | आम्दानी (रु.) | | खर्च (रु.) | | | कैफियत |
|---|---|---|---|---|---|---|
| 1 | ६११४९५००० | | ६११४९५००० | | | |
| | | | | | | |
| १.१ | आम्दानी तर्फ | | खर्च तर्फ | | | |
| १.१.१ | संघीय समानिकरण | १०४८००००० | चालु खर्च | ४३७९९३००० | ७१.६% | |
| १.१.२ | संघ राजस्व बाँडफाँड | ९९७००००० | पूँजीगत खर्च | १७३५०२००० | २८.४% | |
| १.१.३ | प्रदेश समानिकरण | ७०४९००० | जम्मा | ६११४९५००० | १००.००% | |
| १.१.४ | प्रदेश राजस्व बाँडफाँड | ३६९९००० | | | | |
| १.१.५ | आन्तरिक (कृषि विकास बैंक बाट धितो फिर्ता तथाअल्या समेत) | १७२५८००० | क्षेत्रगत व्यय (गा.पा. तर्फ) | | | |
| | जम्मा | २३२५०६००० | आर्थिक क्षेत्र | २१३८०००० | ९.२% | |
| | | | सामाजिक क्षेत्र | ५२८८६००० | २२.७% | |
| | | | पूर्वाधारविकास | ७८९०२००० | ३३.९% | |
| | | | वन, वातावरण तथा विपद व्यवस्थापन | ६३५०००० | २.७% | |
| | | | सार्वजनिकसेवा प्रवाह र सुशासन | ७२९८८००० | ३१.४% | |
| २ | | | जम्मा | २३२५०६००० | १००.००x | |
| २.१ | संघीय सशर्त चालु | ३१७९८९००० | संघीय सशर्त चालु | ३१७९८९००० | | |
| २.२ | संघीय सशर्त पूँजीगत | १६६००००० | संघीय सशर्त पूँजीगत | १६६००००० | | |
| २.३ | संघीय समपूरक | १५०००००० | संघीय समपूरक | १५०००००० | | |
| २.४ | संघीय विशेष | १०५००००० | संघीय विशेष | १०५००००० | | |
| २.६ | प्रदेश सशर्त | ९९००००० | प्रदेश सशर्त | ९९००००० | | |
| २.७ | प्रदेश समपूरक | ७०००००० | प्रदेश समपूरक | ७०००००० | | |
| २.८ | प्रदेश विशेष | २०००००० | प्रदेश विशेष | २०००००० | | |
| | जम्मा | ३७८९८९००० | जम्मा | ३७८९८९००० | | |
| | जम्मा आम्दानी | ६११४९५००० | जम्मा खर्च | ६११४९५००० | | |

Scanned with CamScanner